देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर,नवलपरासी(बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

पत्रसंख्या : २०७७/०७८ मिति : २०७७।११।२०
चलानी नं. :

## फोहोरमैला व्यवस्थापनमासार्वजनिक, निजी तथा संस्थागत क्षेत्रको साझेदारी गराउने सम्वन्धीको अत्यन्त जरुरी सूचना

यस नगरपालिका क्षेत्रबाट उत्पादन हुने फोहोरमैलालाई व्यवस्थापन गर्न नगरपालिकाको एकल प्रयासमा मात्र सम्भव नदेखिएकोले सार्वजनिक, निजी तथा संस्थागत साझेदारीमा फोहोर मैला व्यवस्थापन कार्य संचालन गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही ईच्छुक इजाजत प्राप्त संघ, संस्था, कम्पनीहरुबाट यो सूचना प्रकाशित मितिले १५ दिन भित्र आफूले गर्न सक्ने फोहोर व्यवस्थापन सम्वन्धी कार्यको कार्य योजना, अनुभव,जनशक्ति, प्रविधि तथा सवारी साधन सहितको प्रस्ताव तयार पारी यस कार्यालयमा पेश गर्नुहुन सम्वन्धित सरोकारवाला सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु

१, फोहोरमैला व्यवस्थापन कार्यका लागि आवश्यक पर्ने ल्याण्डफिल्ड साइट नगरपालिकाबाट मिलाउने प्रयत्न गरिने छ,आफैले ल्याण्डफिल्ड साइट व्यवस्थापन गर्ने संघ संस्थालाई फोहर मैला व्यवस्थापनको लागि पहिलो प्राथमिकता दिइने छ ।

२, शुरुको अवस्थामा प्रत्येक घर वा व्यवसायीबाट संकलित फोहोरहरु ल्याण्डफिल्ड साइटमा लगी सम्वन्धित संस्थाले नै फोहोर बन्दोवस्तका लागि आबश्यकता अनुसार जग्गा व्यवस्था गरी फोहोरको बर्गीकरण गरी पुन: प्रयोगमा आउने प्रकृतिका फोहोरहरु आफ्नै जनशक्ति, प्रविधि, सवारी साधनको व्यवस्था गरीउचित प्रवन्ध गर्नुपर्ने छ ।

३, पुन: प्रयोगमा आउन सक्ने प्रकृतिका फोहोरहरु संकलन गर्न आवश्यकता अनुसार आफैले संकलन स्थलमा घेरवारको व्यवस्था मिलाई विक्रि वितरणबाट आय आर्जन गर्न पाउने छ ।

४, स्थानीय घर परिवार तथा व्यवसायीहरुबाट फोहोरमैला संकलनका लागि नगरपालिकाले तोकिदिएको दररेट भित्र रही संझौतामा तोकिए अनुसार आफैले फोहोर व्यवस्थापन दस्तुर संकलन गर्ने व्यवस्था मिलाउनु पर्ने छ । प्राप्त हुन आएका प्रस्तावहरु मध्ये कार्यालयले उचित ठहराएको उपयुक्तताको आधारमा प्रस्ताव स्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

५, फोहर मैला व्यवस्थापनको जिम्मा लिएको संस्थाले जनचेतना अभिबृद्धि गराई उत्पादन स्थलमा नै फोहार मैला बर्गीकरणका गरी कुहिने प्रकृतिका फोहोरहरु आफैले घर-कम्पाउण्ड भित्रै व्यवस्थापन गरी नकुहिने प्रकृतिका फोहोरहरु मात्र संकलन गर्ने व्यवस्थाका लागि क्रमश: फोहोर मैला कम उत्पादन गराउने तर्फ आवश्यक पहल गर्नुपर्ने छ ।

६, फोहोर मैला ढुवानी गर्दा त्रिपालले छोपेर मात्र ढुवानी गर्नुपर्ने छ । ल्याण्डफिल्ड साइटमा यत्रतत्र छरेर राख्न पाइने छैन । हावा हुरीर वर्षादको भेलबाट बगाउने गरी ल्याण्डफिल्ड साइटमा फोहोर संकलन गर्न पाइने छैन ।

७, सार्वजनिक निजी साझेदारी कार्यको परीक्षणको सिलसिलाम पहिलो चरणमा बढी फोहोर उत्पादन हुने क्षेत्र तोकी क्रमश: अन्य क्षेत्रतर्फ फोहोर व्यवस्थापनलाई विस्तार गर्न बाधा पर्ने छैन,तर तोकिएका क्षेत्र बाहेकका अन्य क्षेत्रमा समेतकार्यालयले तोकेको समय अनुसार कार्यतालिका बनाईसंकलन भएका फोहोरहरु उठाइ ल्याउनु पर्ने छ ।

८, फोहोरमैला संकलन तथा ढुवानी सम्वन्धी कार्यतालिका नगरपालिकाले स्वीकृत गरे अनुसार हुने छ । सो कार्यतालिकामा आवश्यकता अनुसारसमय समयमा हेरफेर गर्न बाधापर्ने छैन ।

९ फोहोर मैला व्यवस्थापन स्थलको बन्द पश्चात माटो पुरी सम्याउने सम्वन्धीको व्यवस्थापन समेत नगरपालिका संगको आपसी सहमतीमा सोहीसंस्थाले नै गर्नु पर्ने छ ।

०७७।११।२०

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत